बैठक संख्याः ३९।२०८१

बैठक मितिः २०८१।१२।११ गते, समयः बिहान ८:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८१।१२।११ गते सोमवार बिहान ८:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री जाहिर हुसेन | वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री गोसाई चौधरी | वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्गा | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| सहयोगी कर्मचारीहरू | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |

बैठक संख्याः ३९।२०८१

बैठक मितिः २०८१।१२।११ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

---

**प्रस्तावहरू**

१. प्रस्ताव नं. १ : चौधौं नगर सभा अधिवेशन बैठक सम्वन्धमा ।

२. प्रस्ताव नं. २ : कार्यक्रम तथा योजनाहरू र बजेट संशोधन सम्बन्धमा ।

३. प्रस्ताव नं. ३ : पुस्तकालय व्यवस्थापन सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ : विद्यालय भवन निर्माण सम्बन्धमा ।

५. प्रस्ताव नं. ५ : कृषि मोटर खरीदको ठेक्का रद्द सम्बन्धमा ।

६. प्रस्ताव नं. ६ : टेङ्ग्रा खोला तथा नदी नियन्त्रण कार्य सञ्चालन सम्बन्धमा ।

७. प्रस्ताव नं. ७ : सामुदायिक वनसँगको साझेदारीमा पर्यापर्यटन निर्माण कार्य सम्बन्धमा ।

८. प्रस्ताव नं. ८ : ठेक्का नं. 03/NCB/SKMO/KTS/2080-081,Construction of Kamaldah Tourist Spot को म्याद थप सम्बन्धमा ।

९. प्रस्ताव नं. ९ : ठेक्का नं. 04/NCB/SKMO/MCSTS/2080-081,Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६ योजनाको बैङ्क जमानत जफत सम्बन्धमा ।

१०. प्रस्ताव नं. १० : घुम्ती शौचालय र सार्वजनिक शौचालय सञ्चालन सम्बन्धमा ।

११. प्रस्ताव नं. ११ : निर्णयहरूको प्रकाशन सम्बन्धमा ।

१२. प्रस्ताव नं. १२ : मेकानिकल ईन्जिनियरको सेवा लिने सम्वन्धमा ।

१३. प्रस्ताव नं. १३ : आर्थिक सहायता सम्बन्धमा ।

**निर्णयहरू**

**निर्णय नं. १**

ससकोशी नगरपालिकाको चौधौं नगर सभा अधिवेशन बैठक मिति २०८१।१२।२२ गते, शुक्रवार, विहान ११:०० बजे ससकोशी नगर कार्यपालिकाको कार्यालयको सभाहल, ससरीमा बस्ने निर्णय गरियो ।

**निर्णय नं. २**

ससकोशी नगरपालिकाको तेह्रौं नगर सभा अधिवेशन बैठकबाट चालु आ.व. २०८१।०८२ को लागि पारित भएका सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ र आन्तरिक आय तर्फबाट बजेट विनियोजन भएका कार्यक्रम तथा योजनाहरू र वजेट लगायतको विषयमा संशोधन गर्न मिति २०८१।१२।२२ गते हुने चौधौं नगर सभा अधिवेशन बैठक समक्ष पेश गर्न

आवश्यक भएमा वडास्तरीय कार्यक्रम/योजनाको हकमा वडा समितिको निर्णय सहित मिति २०८१।१२।१५ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८१।०८२ मा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हस्तान्तरित कार्यक्रम बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन शीर्षकमा विनियोजित बजेट रु. १२,५८,०००।- मध्येबाट रु. ६,५०,०००।- छुट्ट्याई ससकोशी नगरपालिका वडा नं. ६ स्थित राष्ट्रिय आधारभूत विद्यालय, बोचहीमा विद्यालय पुस्तकालय व्यवस्थापनको कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८१।०८२ मा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हस्तान्तरित कार्यक्रम बमोजिम स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शीर्षकमा विनियोजित बजेट रु. ५५,००,०००।- बाट ससकोशी नगरपालिका वडा नं. ४ स्थित राष्ट्रिय विश्वेश्वर वैरागी आधारभूत विद्यालयको जीर्ण भवन प्रयोग गर्दा जोखिम हुने भएकोले सो भवन भत्काउन सकिने भनि प्राविधिक प्रतिवेदन पेश हुन आएकोले उक्त जीर्ण अवस्थाको विद्यालयको भवन भत्काई सोही स्थानमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको समेत लागत साझेदारीमा सम्बन्धित विद्यालय व्यवस्थापन समिति मार्फत राष्ट्रिय विश्वेश्वर बैरागी आधारभूत विद्यालयको ४ कोठे विद्यालय भवन निर्माणको कार्य सञ्चालन गर्ने निर्णय गरियो। साथै, ससकोशी नगरपालिका वडा नं. ४ स्थित राष्ट्रिय विश्वेश्वर वैरागी आधारभूत विद्यालयको जीर्ण भवन भत्काउँदा आउने काम लाग्ने जिन्सी सामग्रीहरू सम्बन्धित विद्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नगर कार्यपालिकाको कार्यालयलाई सो को जानकारी गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

ससकोशी नगरपालिकाको चालु आ.व. २०८१।०८२ मा स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ५०% अनुदानमा मोटर खरिदको लागि विनियोजित बजेट रु. १०,००,०००।- र ५०% अनुदान गरी जम्मा रु. २१,००,०००।- लागत अनुमान भएको मोटर खरीद कार्यको लागि मिति २०८१/०९/२५ गते नेपाली समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा शिलबन्दी बोलपत्र (E-bidding) आह्वान गरिएकोमा ३ वटा बोलपत्रदाताहरूबाट शिलबन्दी बोलपत्र पेश भएको।

उक्त बोलपत्रहरूको मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन भई मिति २०८१/११/०२ गते आशय पत्र जारी भएको र सम्झौता लगायतको प्रक्रिया बाँकी रहेको उक्त ठेक्काको खरिद प्रक्रियामै रहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको प.सं. अनु.२ङ/०४८८३५/०८१/०८२ च.नं. ITH-८१८२-४११०५ मिति २०८१/११/१८ गतेको पत्र मार्फत यस कार्यालयद्वारा आव्हान गरेको Supply and Delivery of Agriculture machinery equipment ठेक्का नं. १/NCB/AG/GOODS/२०८१-८२ को सम्बन्धमा उजुरी परेको प्रास पत्रको सम्बन्धमा मूल्याङ्कन समितिबाट पुनः अध्ययन तथा विश्लेषण गर्दा बिड डकुमेन्टमा मोटरको स्पेसिफिकेसनमा Indian Motor/Indian submersible pump उल्लेख भएको र उक्त स्पेसिफिकेसन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा (३) सम्मत नरहेको देखिएकोले सो सम्बन्धमा मूल्याङ्कन समितिको मिति २०८१/११/२८ गतेको निर्णयानुसार उक्त ठेक्का रद्द गरिएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो। साथै कृषि मोटर खरिद सम्बन्धमा आर्थिक विकास समितिको बैठकबाट आवश्यक कारवाही अगाडी बढाउन निर्देश गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६</u>

ससकोशी नगरपालिकाको लागि चालु आ.व. २०८१।०८२ मा टेङ्ग्रा खोला तथा नदी नियन्त्रण कार्य स.न.पा. २, ४, ५ र १० नं. वडाहरूको लागि नेपाल सरकारबाट उपलब्ध गराइएको विशेष अनुदान बजेट रु. ३,००,००,०००।- बाट उक्त योजना सञ्चालन हुने वडाहरू वडा नं. २, वडा नं. ५ र वडा नं.१० को जग्गा व्यक्ति विशेषको नाममा रहेकोले सम्बन्धित जग्गाधनीहरूबाट जग्गा प्रास गर्नु पर्ने भई जग्गा प्रास गर्ने प्रक्रिया अगाडि बढने क्रममा रहेकोले हाललाई उक्त बजेटबाट ससकोशी नगरपालिका वडा नं. ४ को टयाङ्ग्रा खोला जोडने विन्दु र मयुरनी खोलाको नदी नियन्त्रणको कार्य सञ्चालन गर्ने गरी नगरपालिका कार्यालयबाट ठेक्का आह्वान भएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ७</u>

ससकोशी नगरपालिका वडा नं.१ स्थित रक्तमाला नमुना सामुदायिक वन उपभोक्ता समूहको चलानी नं.१६२ मिति २०८१।१२।४ गतेको पत्रबाट ससकोशी नगरपालिकाको ७०% र उक्त सामुदायिक वन उपभोक्ता समूहको ३०% लागत साझेदारीमा जुटपानी पर्यापर्यटन क्षेत्रमा अधुरो रहेको बाटो निर्माणको कार्य सञ्चालन गर्नको लागि बजेट उपलब्ध गराई दिन अनुरोध भई आएकोले दुबै पक्षबाट ५०/५० प्रतिशत लागत साझेदारीमा ससकोशी नगरपालिकाको चालु

आ.व. २०८१।०८२ मा सामुदायिक वनसँग साझेदारीमा पर्यापर्यटन शीर्षकमा विनियोजित बजेट रु. ५,००,०००।- मध्येबाट उक्त योजना निर्माणको कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

ससकोशी नगरपालिकाबाट आ.व. २०८०।०८१ मा सङ्घीय समपुरक बजेटबाट ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं.०३/NCB/SKMO/KTS/२०८०-०८१, Construction of Kamaldah Tourist Spot, वडा नं. ११ योजना निर्माणको लागि हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि. भक्तपुर, सिर्जनानगर, नेपालसँग स्वीकृत कबोल अङ्क रु. ७८,०९,८७८।३७ पैसामा मिति २०८१।२।१४ गतेमा सम्झौता भई मिति २०८१।३।१५ गते सम्ममा निर्माण सम्पन्न गर्ने गरी कार्य सञ्चालन भएको र निर्माण सम्पन्न गर्नु पर्ने म्याद भित्र योजना सम्पन्न हुन नसकी पहिलो पटक मिति २०८१।४।९ गते मिति २०८१।४।३२ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको र उक्त म्याद भित्र समेत सो योजनाको निर्माण सम्पन्न हुन नसकेकोले, पुनः दोस्रो पटक मिति २०८१।५।१९ मिति २०८१ कार्तिक मसान्तसम्म म्याद थप भएको, तेस्रो पटक मिति २०८१।७।२७ गते मिति २०८१ माघ मसान्तसम्म म्याद थप भएको, चौथो पटक मिति २०८१।१०।३० गते मिति २०८१ चैत्र मसान्तसम्म म्याद थप भएको अवस्थामा समेत उक्त निर्माण कार्य सम्पन्न हुन अवस्थामा सम्बन्धित निर्माण व्यवसायी हलेसी तिलक निर्माण तथा ईन्जिनियरिङ्ग सोलुसन प्रा.लि.बाट मिति २०८१।१२।४ गते पहिलो रनिङ्ग विलको भुक्तानी हालसम्म नदिएको कारणले काममा ढिलाई भएको, पेश्की रकम उपलब्ध नभएको र सोही Site मा दोस्रो ठेक्काको निर्माण व्यवसायीले पहिलो चरणको कार्यको लागि वनाएको संरचनामा दखल पुऱ्याएकोले छ महिना म्याद थप गरी कार्य वातावरण बनाई दिन अनुरोध गरी निवेदन पेश हुन आएकोमा उक्त निर्माण व्यवसायीले Field मा कार्य शुरू गरी प्रगति देखिएपछि आगामी कार्यपालिका बैठकमा छलफल गरी निर्णय गर्ने निर्णय गरियो।

बैठक संख्याः ३९।२०८१
बैठक मितिः २०८१।१२।११ गते, समयः बिहान ८:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ९**

ससकोशी नगरपालिकाबाट आ.व. २०८०।०८१ मा सङ्घीय समपुरक बजेटबाट ठेक्का आह्वान भई सञ्चालित ठेक्का नं. ०४/NCB/SKMO/MCSTS/२०८०-०८१, Construction of Myagjin Chauriya Simsar Tourist Spot वडा नं.६ योजना निर्माणको लागि अपन निर्माण सेवा, हात्तीवन-१५ ललितपुरसँग स्वीकृत कबोल अङ्क रु. ८५६९२५८।४३ पैसामा मिति २०८१।२।८ गते मा सम्झौता भई मिति २०८१।३।१५ गतेसम्ममा निर्माण सम्पन्न गर्ने गरी कार्य सञ्चालन भएको र निर्माण सम्पन्न गर्नु पर्ने म्याद भित्र योजना सम्पन्न हुन नसकी पहिलो पटक मिति २०८१।४।९गते मिति २०८१।४।३२ गतेसम्ममा कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको र उक्त म्याद भित्र समेत सो योजनाको निर्माण सम्पन्न हुन नसकेकोले,पुनः दोश्रो पटक मिति २०८१।५।१९ मिति २०८१ कार्तिक मसान्तसम्म म्याद थप भएको, तेश्रो पटक मिति २०८१।७।२७ गते मिति २०८१ माघ मसान्तसम्म म्याद थप भएको, चौथो पटक मिति २०८१।१०।३० गते मिति २०८१ चैत्र मसान्तसम्म म्याद थप भएको अवस्थामा समेत उक्त निर्माण कार्य सम्पन्न हुन नसकेको विभिन्न मितिमा पटक-पटक म्याद थप गर्दा समेत सम्झौता म्याद भित्र सो योजनाको निर्माण सम्पन्न हुन नसकेको, सम्वन्धित निर्माण व्यावसायीलाई मौखिक एवं लिखित रुपमा पटक-पटक ताकेता गर्दा योजनाको निर्माण सम्पन्न गर्ने तर्फ चासो नदेखाई निर्माण व्यावसायीले अटेर गरी स्थलगत रुपमा कार्य प्रगति नभएको भन्ने व्यहोरा खुलाई ईन्जिनियर श्री लोकेश पैकरा समेतको प्राविधिक कर्मचारीहरूको टोलीबाट प्रतिवेदन पेश हुन आएकोले सम्वन्धित योजनाको लागि निर्माण व्यावसायीहरूले राखेको मोविलाईजेशन पेश्की वापतको बैङ्क ग्यारेन्टी जफत गर्ने सम्बन्धित बैङ्कलाई पत्राचार गरेको विषय कार्यपालिकामा जानकारी भई अनुमोदन गरियो।

**निर्णय नं. १०**

मधेश प्रदेश सरकार, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयबाट ससकोशी नगरपालिकाको लागि चालु आ.व.२०८१।०८२ मा उपलब्ध गराइएको घुम्ती शौचालय ससकोशी नगरपालिका वडा नं. १ स्थित सोमवारे एवं शुक्रवारे हटियामा आलोपालो मिलाई सञ्चालन गर्ने निर्णय गरियो। साथै, ससकोशी नगरपालिका स्थित सबै क्षेत्रमा र वडा नं. १ मा निर्माण भएको सार्वजनिक शौचालयलाई सम्बन्धित निर्माण समितिबाट रेखदेख र सरसफाइको व्यवस्था मिलाई पिसाव फेरेको प्रतिव्यक्ति रु. ५।- र शौच गरेको प्रतिव्यक्ति रु. १०।- को दरले सरसफाइ शुल्क लिने निर्णय गरियो ।

बैठक संख्याः ३९।२०८१

बैठक मितिः २०८१।१२।११ गते, समयः विहान ८:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ११**

सप्तकोशी नगरपालिकाको नगर सभाको बैठकको निर्णयहरू, नगर कार्यपालिकाका बैठकका निर्णयहरू, विभिन्न समितिबाट भएका निर्णयहरू, नगरपालिका कार्यालयबाट भएका निर्णयहरु नगरवासी एवं सम्बन्धित सबैको जानकारीको लागि सप्तकोशी नगरपालिकाको website : https://saptakoshimun.gov.np मा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

सप्तकोशी नगरपालिकामा हेभी ईक्यिमेन्ट रोलर, व्याकहो लोडर, ट्रिपर, ट्रयाकटर, जिप, मोटरसाईकलहरू रहेका र तिनको मर्मत सम्भार गर्न एवं नयाँ सवारी साधन खरीद प्रयोजनको लागि स्पेशिफिकेशन तयारी गर्ने, लागत अनुमान तयार गर्ने एवं प्राविधिक मूल्याङ्कन गर्ने प्रयोजनको लागि एक जना मेकानिकल ईन्जिनियरको आवश्यक्ता भएको र मोरङ्ग जिल्ला, वेलवारी नगरपालिका वडा नं.९ निवासी मेकानिकल ईन्जिनियर/१७६५(क) श्री रुपेश चौधरीले कामकाजको लागि निवेदन समेत गर्नु भएकोले सप्तकोशी नगरपालिकाको उल्लिखित काममा निज मेकालिकल ईन्जिनियरले सेवा उपलब्ध गराए वापत सेवा परामर्श खर्च शीर्षकमा विनियोजित रकम मध्येबाट हाजिर भएको दिनको रु.१६००।-को दरले सुविधा उपलब्ध गराउने गरी निज मेकानिकल ईन्जिनियर/१७६५(क) श्री रुपेश चौधरीसँग सेवा करार सम्झौता गरी कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

सप्तकोशी नगरपालिका अन्तर्गतका विभिन्न व्यक्ति/संस्थाहरूबाट सम्बन्धित वडाको सिफारिससाथ आर्थिक सहायता उपलब्ध गराई दिन अनुरोध भई आएकोले निम्न बमोजिमका व्यक्ति एवं संस्थालाई चालु आ.व. २०८१।०८२ मा आर्थिक सहायता शीर्षकमा विनियोजित बजेट मध्येबाट देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**तपसिलः**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर/ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस/निवेदन पत्रको च.नं. र मिति | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|
| १ | ४ नं. वडाको का.स. श्री संजय कठायत | देब्रे खुट्टाको हड्डी भाँचिएको उपचार सहायता | २०८१।१२।७ | १५००० |